# भाग ४

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४४।३।१० को निर्णयानुसार देहायका अधिकृतहरूलाई राष्ट्रिय पञ्चायत सेवाबाट नेपाल प्रशासन सेवामा सेवा परिवर्तन गरी मिति २०४४।६।२४ को निर्णयानुसार देहायबमोजिम पदस्थापन गरेको छ ।

| क्र.सं | नाम र थर | साबिक पद र कार्यालय | हाल पदस्थापन भएको पद र कर्यालय |
|---|---|---|---|
| १. | श्री वुद्धरत्न शाक्य | सह-सचिव, राष्ट्रिय पञ्चायत सचिवालय | राजपत्राङ्कित प्रथम श्रेणी, (सह-सचिव स्तर) सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह । |
| २. | श्रीमती मिना रोक्का | उपसचिव, राष्ट्रिय पञ्चायत सचिवालय | राजपत्राङ्कित द्वितीय श्रेणी, (उपसचिव स्तर) सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह । |

### सूचना २

श्री ५ को सरकारले मिति २०४४।६।२४ को निर्णयानुसार नेपाल प्रशासन सेवा, रा.प. प्रथम श्रेणी, निर्माण तथा यातायात मन्त्रालयका सह-सचिव श्री भोजराज पोखरेललाई मन्त्रिपरिषद् सचिवालयको सह-सचिव पदमा सरुवा गरेको छ ।

आज्ञाले,
विमलराज बस्नेत
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।